बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान

# प्रेस विज्ञप्ति

२०६३।१०।२४

## बालबालिका शान्ति क्षेत्र हुन्
## मधेसको आन्दोलनबाट बालबालिकाकालाई प्रभावित नपारौं, आन्दोलनलाई हिंसात्मक हुनबाट रोकौं ।
## मधेसको मागलाई तत्काल सम्बोधन गरौं ।

बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान मधेसमा भैरहेको आन्दोलनका क्रममा बालबालिकाहरूको मृत्यु भएको, घाइते भएको, बिद्यालयहरूमा बन्द भएको, परिक्षाहरू संचालन हुन नसकेको साथै बिद्यालयहरूमा तोडफोड समेत भएको तथा आन्दोलनको क्रममा बालबालिकाहरूको अत्यधिक प्रयोग भएको प्रति अत्यन्त चिन्तित हुनुका साथै यस्तो कार्य तत्काल रोक्न सम्बद्ध सबैमा हार्दिक अपिल गर्दछ ।

मधेसमा सञ्चालित आन्दोलनका कारण हालसम्म अठार वर्षभन्दा कम उमेरका चार जना बालकले ज्यान गुमाइ सकेकाछन् र धेरै बालबालिका घाइते भएकाछन् । आन्दोलन भैरहेको स्थानहरूमा तिन साता देखि विद्यालयहरू बन्द भएकाछन् । साथै एस.एल.सी. टेष्ट परिक्षा समेत स्थगित हुन पुगेको छ । आन्दोलनरत स्थानहरूमा पर्याप्त खाद्य सामाग्रीको अभावका कारण न्यून आय भएका तथा दैनिक रुपमा आय आर्जन गरी घरपरिवार धान्ने परिवारमा भोकमरीको समस्या समेत देखिन थालिइसकेको छ । यसका कारण बालबालिकाहरू शारिरिक तथा मानसिक रुपमा प्रभावित भएकाछन् । उनीहरूको बाच्ने, संरक्षण पाउने तथा विकासगर्ने अधिकारहरू कुण्ठीत हुनुका साथै स्वभाविक वालापन खोसिएको छ ।

तसर्थ, आन्दोलनरत मधेसी जनअधिकार फोरम लगायत सम्पूर्ण समूहहरूसमक्ष आन्दोलनको क्रममा बालबालिकाको प्रयोग, बिद्यालय बन्द गर्नु तथा बिद्यालयमा तोडफोड गर्नु बालअधिकार बिरुद्ध तथा बालबालिका शान्ति क्षेत्र हुन भन्ने मान्यताको विपरित भएकोले यस्तो कार्य तत्काल रोक्न बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान आह्वान गर्दछ । साथै आन्दोलनलाई शान्तिपूर्ण बनाई सर्वसाधारण तथा बालबालिकालाई आवतजावतमा बाधा नपुऱ्याउन तथा बिद्यालयहरू सञ्चालन हुन सक्ने वातावरण सिर्जना गर्न र सरकारी पक्ष समक्ष लचकताका साथ वार्तामा बसी तत्काल समस्या समाधान गर्न समेत आन्दोलनरत पक्षहरू समक्ष आह्वान गर्दछ ।

आन्दोलनमा बालबालिकाहरू प्रयोग भएको अवस्थामा न्यूनतम बल प्रयोग गर्न तथा बालबालिकाको सुरक्षालाई उच्चतम प्राथमिकता दिन सुरक्षा निकाय समक्ष अनुरोध गर्दछ ।

आन्दोलनको अवधी जति लम्बिदै जान्छ त्यति नै मात्रामा क्षती बढ्दै जाने र यसको असर प्रत्यक्ष रुपमा कलिला बालबालिका माथि पर्ने हुनाले मधेसको मागलाई लोकतान्त्रिक मूल्य मान्यता अनुरुप तत्काल सही रुपमा सम्बोधन गर्न साथै लचकताका साथ आन्दोलनरत पक्षहरू समक्ष तत्काल वार्ता गर्न नेपाल सरकार तथा देशका प्रमुख आठ राजनीतिक दलहरू समक्ष बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान आह्वान गर्दछ ।

....................................

डा. ऋशी राज अधिकारी
कार्यसमिति अध्यक्ष
बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान

"बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान" भदौ २०६० मा द्वन्द्व पीडित बालबालिकाका अधिकार, हित संरक्षण र प्रवर्द्धनमा कार्यरत विभिन्न संयुक्त राष्ट्रसंघीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको प्रयासलाई संगठित र एकीकृत रुपमा पैरवी गर्नका लागि स्थापना भएको हो । हाल यस अभियान अन्तर्गत ३५ वटा संस्था आवद्ध छन् ।

अभियानका सदस्यहरू : राष्ट्रिय मानव अधिकार आयोग र आई.सी.आर.सी. (पर्यवेक्षक सदस्य), एक्सन एड नेपाल, बाल चेतना समुह, केयर नेपाल, कार नेटवर्क, सिसियसडी, बाल विकास समाज, बाल गैसस महासंघ, चाइल्ड नेपाल, सिविन, सिविस, हुरोन, इह्रिकन, इन्सेक, जागरण नेपाल, जागृती बाल क्लब, माइती नेपाल, गैसस महासंघ, नेपाल रेडक्रस सोसाइटी, नेपाल रगमार्क फाउण्डेसन, साझेदारी नेपाल, प्लान नेपाल, आरआरएन्, साथी, साहारा समुह, सेभ द चिल्ड्रेन जापान, सेभ द चिल्ड्रेन नर्वे, सेभ द चिल्ड्रेन युएस, सेतो गुराँस, युसेप, युनिसेफ, युनाइटेड मिसन टु नेपाल, विश्व शिक्षा, वर्ल्ड भिजन

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान सचिवालय
पोष्ट बक्स ११८७, काठमाण्डौं । फोन ५५२४९९१, ५५२६०२९ । फ्याक्स ५५४३०५४ । इमेल : czop@czopnepal.org

**Secretariat of National Coalition for Children as Zones of Peace (National Coalition for CZOP)**
GPO Box 1187, Kathmandu, NEPAL
Phone: 552 4991, 552 6029 Fax: 977-1-554 3054, email: czop@czopnepal.org